# सुरक्षा र कल्याणको हाम्रो यात्रा

बालबालिका र परिवार सहयोग सेवाहरूसँग सहकार्य गर्ने परिवारहरू

## 1. चिन्ताहरू उठाइन्छ

कसैलाई तपाईंको परिवार र तपाईंका बच्चाहरूको सुरक्षाको बारेमा चिन्ता छ।

## 2. सिफारिस गरिन्छ

तपाईंका बच्चाहरूलाई घरमा सुरक्षित राख्न मद्दत गर्न तपाईंको परिवारलाई सही सेवा सेवामा जोड्न सिफारिस गरिन्छ।

## 3. बच्चा र परिवार सहयोग सेवामा जोडिन्छ

तपाईंको आवश्यकताहरू अनुरूप बच्चा र परिवार सहयोग सेवा फेला पारिन्छ।

## 4. बच्चा र परिवार सहयोग सेवासँग सहकार्य गर्न सुरु गरिन्छ

हामी तपाईंको परिवारसँग – तपाईंका बच्चाहरू सहित – उनीहरूको सुरक्षा र कल्याणलाई कसरी मद्दत गर्न सक्छौं भन्ने बारेमा कुरा गर्नेछौं। हामी तपाईंको परिवारको कथा, शक्ति, चिन्ता र अपेक्षा सुन्नेछौं।

## 5. सुरक्षा योजना

हामी सँगै मिलेर तपाईंका बच्चाहरूको सुरक्षा र कल्याण बढाउन अब गर्नुपर्ने कार्यहरूको योजना बनाउनेछौं।

## 6. सँगै सहकार्य गर्ने

तपाईंको परिवारको लक्ष्यहरू सिर्जना गर्न र सहकार्य गर्नका लागि हामी तपाईंको परिवारसँग – तपाईंका बच्चाहरू सहित – नियमित रूपमा भेट्नेछौं ताकि तपाईंका बच्चाहरू र परिवार सुरक्षित र राम्रो छन् भनी सुनिश्चित गर्न सकियोस्। प्रगति हुँदै गएपछि वा आवश्यकता परिवर्तन हुँदा तपाईंको परिवारको लक्ष्य र कार्यहरू अद्यावधिक गर्न सकिन्छ।

## 7. पूरा भएका लक्ष्यहरू

हामीसँगको समय अन्त्य भएपछि, हामी तपाईंको परिवारले गरेको प्रगति बारे प्रतिबिम्बित गर्नेछौं, र यी सकारात्मक परिवर्तनहरूलाई कायम राख्न तपाईंको परिवार कुनै पनि अन्य उपयोगी सेवाहरू वा सामुदायिक सहयोगी सेवाहरूमा जोडिएको सुनिश्चित गर्नेछौं।

2025 DHS-328
Government of South Australia
human services
NEPALI